REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 23.05.2025

---

## Union Agriculture Minister

केन्द्रीय कृषि तथा कृषक कल्याण मन्त्री शिवराज सिंह चौहानले राज्यमा खेतीपातीसित सम्वन्धित चुनौतीहरूको समाधान गर्नका लागि ब्यापक रूपमा सहयोग गर्ने आश्वासन दिनुभएकोछ ।

नयाँ दिल्लीमा आज मुख्यमन्त्री प्रेमसिंह तामाङ र उहांको भेटघाटका बेला श्री चौहानले यस्तो आश्वासन दिनुभएको हो ।

राज्य स्थापनाको पचासौं वर्ष गाँठमा अवसरमा आयोजना भइरहेका वर्षव्यापी समारोहमा भाग लिने निमन्त्रणालाई पनि उहाँले स्वीकार गर्नुभएको छ ।

बैठकमा सिक्कम राज्यमा कृषि विकास र ग्रामीण पूर्वाधारका विभिन्न पक्षहरूबारे चर्चा भयो ।

कृषकहरूको आजीविकाका लागि एउटा महत्वपूर्ण विषय ग्रामीण सड़क सम्पर्कमा सुधार ल्याउन प्रधानमन्त्री ग्राम सड़क योजना अन्तर्गत केन्द्रीय सहायताको मांग सम्बन्धमा सकारात्मक प्रतिक्रिया दिँदै श्री चौहानले भन्नुभयो- स्थितिको जाँच गर्न कृषि विशेषज्ञहरूको एउटा समर्पित टीमले चाँड़ै नै राज्यको भ्रमण गर्नेछ ।

मुख्यमन्त्रीले आज लोकसभा अध्यक्ष ओम बिरलासित पनि भेट गरी उहाँलाई सिक्किम आउन निमन्त्रण दिनुभएको छ ।

यसअघि श्री तामाङले भारतका पूर्व विदेश सचिव हर्षवर्धन श्रीङ्गलालाई पनि भेटेर राज्यमा आमन्त्रित गर्नुभएको छ ।

---

## MOS Visited Sikkim

केन्द्रीय विदेश मामिला तथा कपड़ा राज्य मन्त्री पवित्र मार्गरिटा आज पाकिम जिल्लाको एकदिने भ्रमणमा आउनुभयो।

जिल्ला मुख्यालयमा उहाँलाई जिल्लाधीश रोहण अगवाने र अन्य अधिकारीहरूले स्वागत गर्नुभयो।

केन्द्रीय मन्त्रीले सर्वप्रथम समन्वित विकास सेवा केन्द्रको उद्घाटन गर्नुभयो। त्यहाँ उहाँले कार्यक्रम अन्तर्गत नामाङ्किकत नानीहरूसित कुराकानी गर्नुभयो। त्यसपछि मन्त्रीले पाकिम प्राथमिक स्वास्थ्य केन्द्रमा गएर चिकित्सा अधिकारी र अग्रिमपंक्तिका स्वास्थ्य कर्मीहरूसित भेट गर्नुभयो र केन्द्रको कामकाज अनि उपलब्ध सुविधाहरूबारे जानकारी लिनुभयो। पछि श्री मार्गरिटाले पाचे उच्चतर माध्यम पाठशालाको भ्रमण गरी विद्यार्थी र शिक्षकहरूसित अन्तर्क्रिया गर्नुभयो।

मन्त्रीले केन्द्रद्वारा प्रायोजित योजनाहरू लगायत प्रमुख विकासमूलक तथा कल्याणकारी पहलहरूको लेखाजोखा गर्न रर्बन परिसरमा जिल्ला अधिकृतहरूलाई सम्बोधन गर्दै जनकेन्द्रित कार्यक्रमहरू शुरू गर्नमा जिल्ला प्रशासन र विभागहरूको समन्वित प्रयासको प्रशंसा गर्नुभयो।

पूर्वोत्तर क्षेत्रमा समालवेशी विकास गर्ने सरकार प्रतिवध्द रहेको कुरो बताउँदै उहाँले पाकिम हवाईअड्डासित सम्बन्धित सबै तकनिकी मामिलाहरूको यथाशीघ्र समाधान गर्ने आश्वासन दिनुभएको छ।

---

## PM Northeast Summit

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ आतंकवाद होस् वा अशान्ति फैलाउने तत्व उहाँको सरकार जीरो टलोरेन्सको नीतिमा चल्छ।

नयाँ दिल्लीमा आज राइजिङ नर्थइस्ट इन्वेस्टर्स सम्मिटको उद्घाटन गर्दै श्री मोदीले भन्नुभयो विकसित भारतको निर्माणका लागि देशको पूर्वोत्तर क्षेत्रको विकास अन्यन्त आवश्यक छ निवेशकहरूसित पूर्वोत्तर क्षेत्रमा विभिन्न क्षेत्रहरूको पत्तो लगाउने आग्रह गर्दै उहाँले भन्नुभयो।

पूर्वोत्तर अब अवसरहरूको भूमि भइरहेछ। प्रधानमन्त्रीले भन्नुभयो पूर्वोत्तर, विविधतापूर्ण भारतको सर्वाधिक विविध क्षेत्र हो र यो विविधता देशको शक्ति हो।

उहाँले भन्नुभयो पूर्वोत्तर जैव अर्थव्यवस्था तथआ बाँस उद्योग चिया उत्पादन तथा पेट्रोलियम, खेल एवं कौशल र पर्यावरण पर्यटनको पर्याय भएको छ।

यस अवसरमा बोल्दै केन्द्रीय पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिंधियाले भन्नुभयो केन्द्र सरकारले पूर्वोत्तर क्षेत्रमा बुनियादी ढाँचा र सम्पर्कको प्रवर्ध्दन गर्ने दिशामा धेरै काम गरेकोछ।

दुई दिवसीय सम्मेलनको उद्देश्य पूर्वोत्तर क्षेत्रलाई अवसरहरूको भूमिको रूपमा प्रकाशमा ल्याउनु र क्षेत्रमा वैश्विक तथा घरेलू निवेश आकर्षित गर्नु अनि प्रमुख हितधारकहरू, निवेशक र नीति निर्माताहरूलाई एउटा मञ्चमा ल्याउनु रहेकोछ।

---

## Plantation Drive

वन तथा पर्यावरण विभाग अधिन सामाजिक बन विज्ञान प्रभाग नाम्चीद्वारा साम्डुप्चे पूजा समितिको सहयोगमा आज साम्डुप्चेमा 'मेरो बाटो मेरो वोट' पहल अन्तर्गत वृक्षारोपण अभियान गरियो।

यसमा विभिन्न प्रकारका फल फल्ने र अन्य रूखका बिरूवाहरू रोपियो।

'मेरो बाटो मेरो वोट' पर्यावरण संरक्षण प्रति जन सहभागिता बढ़ाउन र सामूहिक जिम्मवारीको भावना सृजित गराउन मुख्यमन्त्री प्रेमसिंह तामाङद्वारा शुरू गरिएको हवजवाहक कार्यक्रम हो।

---

## Khelo India Beach Games

दिउमा भइरहेको पहिलो खेलो इण्डिया Beach Games 2025 मा आज सिक्किमकी यमुना छेत्रीलाई Pencak Silat मा पैसंठी सत्तरी किलोग्राम वर्गमा रजत पदक प्राप्त भएको छ।

राज्यकै इलोमा सुब्बाले हिजो कास्य पदक हासिल गरिसकेकी छन्।

गत नौ देखि बाह्र मईसम्म लखनऊमा आयोजित तेह्रौं सिनियर नेशनल Pencak Silat च्याम्पियनशीपमा प्रदर्शनको आधारमा खेलो इण्डिया Beach Games का लागि उनीहरूलाई चयन गरिएको थियो।

---

Weather

राज्यमा आज पानी नपेर तापनि आकाशमा बादन छाएर दिन धुम्मिएकाले मानिसहरूलाई हलुका जाड़ोको अनुभव गरायो ।

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्ट अनुसार गान्तोक र वरपर वितेका चौबिस घण्टामा अधिकतम तापमान सोह्र दशमलउ नौ डिग्री सेल्सियस रेकार्ड गरियो ।

विभागले भोलि अधिकतम तापमान तेइस डिग्री र न्यूनतम तापमान सोह्र डिग्री सेल्सियस रहने पूर्वानुमान गरेको छ ।